नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

पत्र संख्या : ०७९/०८०
च.नं. : ६०१

बिषयः सम्झौता सम्बन्धमा । मितिः २०८०/०३/१७

श्री छनौट भएका सेवाग्राही/लाभग्राही सबै

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तुको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रमको लागि मिति २०८०/०३/१५ गते बसेको प्राविधिक समितिको बैठकको सिफारिस बमोजिम परियोजना कार्यान्वयन एकाइबाट छनौट भएका कृषि समूह/सहकारी/समिति/निजि उधमीहरु आदीको छनौट भएका ब्यक्तिहरुले आवश्यक कागजात सहित मिति २०८०/०३/१७ गते देखि २०८०/०३/१८ गते सम्म सम्झौता गर्नुहुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. रु. १०/- को टिकट टाँस सहित सम्झौता गरिपाउँ भन्ने निवेदन ।

२. प्रोपराईटर/अध्यक्षको नागरिकताको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो-१/१ थान ।

३. समूह/सहकारी/समितिको हकमा कार्यक्रम संचालन सम्बन्धी संस्थागत निर्णय तथा सम्झौताको लागि अधिकारनामा निर्णयको प्रतिलिपि ।

४. समूह/सहकारी/समिति आदीको दर्ता प्रमाण-पत्रको प्रतिलिपि र पाना नं. को प्रतिलिपि तथा आ.व. २०७८/०७९ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

५. सम्बन्धित न.पा./गा.पा.को कृषि विकाश शाखाबाट जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत निर्णय भएको कृषि यन्त्र/उपकरणहरु दोहोरो नभएको/नहुने सिफारिस पत्र ।

६. जग्गा धनि लालपुर्जाको प्रतिलिपि।

७. ट्रयाक्टरबाट चल्ने उपकरणको लागि ट्रयाक्टरको ब्लू बुकको प्रतिलिपि ।

८. सम्पूर्ण कागजातहरु सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरि फाईलिङ्ग साथ पेश गर्नु पर्नेछ ।

..............................
सहसराम चौधरी(कुर्मी)
वरिष्ठ कृषि अधिकृत